**न्यूयोर्क राज्यको एकीकृत न्यायालय प्रणाली**

# जवाफ दिने बारेमा जानकारी: यदि तपाईंको घरधनीले तपाईंले भाडा तिर्न बाँकी छ भनेर भन्नुहुन्छ र तपाईंको अदालतमा उपस्थित हुनुपर्ने मिति छ भने के गर्ने ?

यदि तपाईंले *अदालतको मिति भएको सूचना: भाडा नतिरिएको र निवेदन* प्राप्त गर्नुभएको छ भने तपाईंले घरजग्गाबाट तपाईंलाई किन हटाइँनुहुँदैन भन्ने कारणहरू अदालतलाई बताउनका लागि यो जानकारीमूलक सामग्री प्रयोग गर्न सक्नुहुन्छ । यसलाई *प्रतिउत्तर* भनिन्छ ।

तपाईंले अदालतका कागजपत्रहरूको **अनिवार्य रूपमा** जवाफ फर्काउनुपर्छ । तपाई अदालत जाँदा आफूसँगै यस फारामलाई लिएर जानुहोस् जसले गर्दा तपाईंले तल चिन्ह लगाएको प्रत्येक कुराका बारेमा कोर्ट क्लर्क वा न्यायाधीशलाई जवाफ दिन सक्नुहुनेछ ।

तलको जानकारी पढ्नुहोस् । कृपया तपाईंमा लागू हुने **सबै** बाकसहरूमा ठिक चिन्ह लगाउनुहोस् ।

1. **सामान्य अस्वीकृति**
   - ☐ घरधनीको *निवेदन*मा रहेको जानकारी सही छ कि छैन भन्ने बारेमा मलाई थाहा छैन ।

2. **सूचना र कागजपत्रहरू बुझाउने कार्य**
   - ☐ मैले सर्टिफाइड मेलबाट भाडा तिर्ने म्याद 5 दिन गुज्रिसकेको भन्ने *सूचना* प्राप्त गरिनँ ।
   - ☐. मैले *भाडाका लागि माग* (Demand for Rent) को लिखित प्रति प्राप्त गरिनँ ।
   - ☐. *भाडाका लागि माग*मा तिर्न बाँकी रहेको महिनाहरू र रकम उल्लेख गरिएको थिएन ।
   - ☐ *भाडाका लागि माग*ले तिर्न बाँकी रहेको भाडा भुक्तानी गर्नका लागि मलाई कम्तीमा पनि 14 दिने सूचना प्रदान गरेन ।
   - ☐. *भाडाका लागि माग* सही तरिका बुझाइएको थिएन किनभने *(लागू हुने सबैमा ठिक चिन्ह लगाउनुहोस्):*
     - ☐..घरधनीले मलाई त्यो सिधैं दिनुभयो ।
     - ☐..घरधनीले त्यसलाई मेरो घरमा नबस्ने वा काम नगर्ने व्यक्तिलाई दिनुभयो ।
     - ☐..घरधनीले त्यसलाई मेरो घरमा छोडेर जानुभयो तर त्यसलाई हुलाकमार्फत मलाई पठाउनुभएन ।
     - ☐..मैले त्यसलाई हुलाकबाट मात्र प्राप्त गरें ।
   - ☐ *अदालतको मिति भएको सूचना: भाडा नतिरिएको* र *निवेदन* सही तरिकामा बुझाइएको थिएन किनभने *(लागू हुने सबैमा ठिक चिन्ह लगाउनुहोस्):*
     - ☐ मैले तिनीहरू प्रति प्राप्त गरिनँ ।
     - ☐ घरधनीले मलाई तिनीहरू सिधैं दिनुभयो ।
     - ☐ घरधनीले तिनीहरूलाई मेरो घरमा नबस्ने वा काम नगर्ने व्यक्तिलाई दिनुभयो ।
     - ☐ घरधनीले तिनीहरूलाई मेरो घरमा छोडेर जानुभयो तर त्यसलाई हुलाकमार्फत मलाई पठाउनुभएन ।
     - ☐ मैले तिनीहरूलाई हुलाकबाट मात्र प्राप्त गरें ।

3. **यस मुद्दाका मानिसहरू (पक्षहरू)** *(लागू हुने सबैमा ठिक चिन्ह लगाउनुहोस्):*
   - ☐ अदालतका कागजपत्रहरूमा मेरो नाम **गलत** छ । *वर्णन गर्नुहोस्:* ___.
   - ☐ अदालतका कागजपत्रहरूमा मेरो नाम उल्लेख छैन तर अदालतका कागजपत्रहरूमा उल्लेखित ठेगानामा म बस्छु ।
   - ☐ अदालतका कागजपत्रहरूमा उल्लेखित भाडावालको **मृत्यु भइसकेको** छ ।

☐ अदालतका कागजपत्रहरूमा उल्लेखित घरधनी मेरो घरको घरधनी वा मालिक **हुनुहुन्न** ।

4. **भाडा** *(लागू हुने सबैमा ठिक चिन्ह लगाउनुहोस्):*
   - ☐ मैले घरधनीलाई **सबै** भाडा रकम तिरिसकेको छु । *रकम:* $__
   - ☐ मैले घरधनीलाई भाडाको **केही** रकम तिरिसकेको छु । *रकम:* $_____
   - ☐ मैले भाडा तिर्ने *प्रयास गरेको थिएँ* (वा अरू कसैले मेरो तर्फबाट भाडा तिर्ने प्रयास गरेका थिए) तर घरधनीले त्यो लिन मान्नुभएन ।
   - ☐ घरधनीले निम्न मागिरहनुभएको छ: ☐हामीले सहमति जनाएभन्दा बढी भाडा ।
     ☐भाडाको हिस्सा नरहेका अतिरिक्त शुल्क, विलम्ब शुल्क र/वा जरिवानाहरू ।
5. COVID **सम्बन्धी जानकारी** *(लागू हुने सबैमा ठिक चिन्ह लगाउनुहोस्):*
   - ☐ आकस्मिक भाडा सहयोगका लागि मेरो आवेदनको प्रक्रिया अझै अगाडि बढिरहेको छ । मेरो मुद्दाको मितिलाई अनिवार्य रूपमा सारिनुपर्छ ।
   - ☐ मेरो आकस्मिक भाडा सहयोग कार्यक्रमले मेरो भाडास्वरूप मेरो घरधनीलाई पैसा पठाउन सहमति जनाएको छ ।
   - ☐ COVID को कारणले गर्दा मलाई वित्तीय कठिनाइहरू भएको थियो । घरधनीले भाडाका लागि मेरोविरुद्ध मुद्दा चलाउन सक्नुहुन्छ तर मलाई घरजग्गाबाट हटाउन **सक्नुहुन्न** ।
6. **आर्थिक सहायता प्रदान गरिएको आवासमा बस्ने भाडावालहरूका लागि** *(लागू हुने सबैमा ठिक चिन्ह लगाउनुहोस्):*
   - ☐ मेरो भाडाका लागि आर्थिक सहायता प्रदान गरिएको छ तर घरधनीले अदालतका कागजपत्रहरूमा त्यस बारेमा केही कुरा पनि उल्लेख गर्नुभएको थिएन ।
   - ☐ मेरो घरधनीले मलाई आवास एजेन्सीले स्वीकृत गरेको भन्दा बढी शुल्क लगाइरहनुभएको छ ।
   - ☐ मेरो घरधनीले मलाई आवास एजेन्सीले भुक्तानी गर्ने भाडाको रकम तिर्न भनिरहनुभएको छ ।
   - ☐ मेरो आवासको आर्थिक सहायता मेरो अपार्टमेन्टमा भएका समस्याहरूले गर्दा घरधनीलाई भुक्तानी गरिएको छैन ।
   - ☐ यो मुद्दा सुरु गर्नुभन्दा पहिले मेरो घरधनीले स्वीकृतिका लागि आवास एजेन्सीलाई ▢ सूचित गर्नुभएन वा ▢ सोध्नुभएन ।

7. **भाडाको सम्पत्तिमा रहेका समस्याहरू**:

भाडाको सम्पत्तिमा ठिक पार्न वा सुल्झाउन आवश्यक रहेका सबै समस्याहरूमा ठिक चिन्ह लगाउनुहोस् (*आवश्यक परेमा थप पानाहरू संलग्न गरेर राख्नुहोस्*) ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ☐ | हिटिङ (ताप)/लाइटिङ (बत्ति), विद्युत | ☐ | तातो पानी, धाराको पानी, प्लम्बिङ | ☐ | लेड (सिसा) रङ | ☐ | ढुसी |
| ☐ | ढोका, झ्याल, भुइँ, सिढी, रेलिङहरू | ☐ | किराफट्यांग्रा, मुसाहरू | ☐ | फोहोरमैला राख्ने ठाउँ | ☐ | अप्लाइअन्सहरू (उपकरण तथा यन्त्रहरू) |
| ☐ | संहिताका अन्य उल्लंघन/सुरक्षासम्बन्धी समस्याहरू (*वर्णन गर्नुहोस्*): | | | | | | |
| ☐ | बसोबासको प्रमाणपत्र (C of O) नभएको | | | | | | |
| ☐ | अदालतका कागजपत्रहरूमा गलत ठेगाना उल्लेख गरिएको छ । | | | | | | |
| ☐ | अदालतका कागजपत्रहरूमा मेरो घरलाई समेट्ने कानुन उल्लेख गरिएको छैन । | | | | | | |

8. **अन्य कारणहरू** (*लागू हुने सबैमा ठिक चिन्ह लगाउनुहोस्*):

☐ म सक्रिय ड्युटीमा रहेको सैनिक वा सक्रिय ड्युटीमा रहेका सैनिकको आश्रित व्यक्ति हुँ ।

☐ घरधनीले धेरै समय पर्खेर यो मुद्दा दर्ता गराउनुभयो ।

☐ मेरो घरधनीले मलाई दुर्व्यवहार गरिरहनुभएको छ । *वर्णन गर्नुहोस्*: ______________________

☐ मेरा अन्य कारणहरू छन् । *वर्णन गर्नुहोस्*: ______________________

9. **प्रतिदाबीहरू** (घरधनीले *मलाई* भुक्तानी गर्नुपर्छ) (*लागू हुने सबैमा ठिक चिन्ह लगाउनुहोस्*):

☐ घरधनीले मलाई पैसा तिर्न बाँकी छ किनभने:

- ☐ मैले आवश्यक मर्मतसम्भार वा सेवाहरूका लागि $______ भुक्तानी गरेको थिएँ ।
- ☐ मैले घरधनीलाई कानुनी रूपमा शुल्क लगाउन अनुमति हुनेभन्दा $______________________ बढी भाडा भुक्तानी गरेको थिएँ ।
- ☐ अन्य कारण । वर्णन गर्नुहोस् र रकम उल्लेख गर्नुहोस्: ______________________
- ☐ घरधनीले मेरो भाडा कम गर्नुपर्छ किनभने उहाँले मैले अनुरोध गरेका आवश्यक मर्मतसम्भार वा सेवाहरू उपलब्ध गराउनुभएन ।

घरजग्गाबाट हटाउने प्रक्रियाका बारेमा जानकारी
https://nycourts.gov/courthelp/Homes/evictions.shtml